बैठक मिति: २०७५/०६/१

<u>छलफल तथा निर्णयहरु</u>

१. १५औं योजनाको विषय क्षेत्रगत आधार-पत्र तयारीको खाका सम्बन्धमा आर्थिक व्यवस्थापन महाशाखाबाट बैठकमा प्रस्तुती भई सोउपर छलफल भयो । उक्त खाकालाई स्वीकृत गर्ने र आश्वीन मसान्तसम्मको समयसीमा उल्लेख गरी आर्थिक व्यवस्थापन महाशाखाले सबै विषयगत मन्त्रालय/निकायहरु बाट उक्त खाकाबमोजिम तयार गरी पठाउन पत्राचार गर्ने ।

२. ४३औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट प्रस्तुत प्रस्ताव स्वीकृत गर्ने र कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय/निकाय मा पठाउने।

३. सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुती भई कार्यान्वयनमा लगिएको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यक्रमसम्बन्धी आयोगको कार्यान्वयन कार्ययोजनाको हालसम्मको प्रगति सम्बन्धमा आयोगलाई जानकारी गराइयो ।उक्त कार्ययोजनाको कार्यान्वयनका सम्बन्धमा सबै महाशाखा तथा केन्द्रीय तथ्याङ्क विभागले गम्भिरतापूर्वक लिई समयतालिका अनुसार कार्यसम्पन्न गर्ने र सोको मासिक प्रगति अनुसन्धान तथा मूल्याङ्कन महाशाखाले तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले व्यवस्था गरे अनुसारको व्यवस्थापन सूचना प्रणालीमा तोकिएको समयमा बुझाउने निर्देशन दिइयो ।

४. अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को परिमार्जित मस्यौदाका सम्बन्धमा आयोगलाई जानकारी गराइयो।

५. आ.व. २०७५/७६ को श्रावण तथा भाद्र महिनामा भएका राष्ट्रिय योजना आयोगको नियमित बैठकका निर्णयहरुको कार्यान्वयन स्थितिका सम्बन्धमा आयोगलाई जानकारी गराइयो।

६. राष्ट्रिय योजना आयोग अन्तर्गतको राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालयमा विश्व खाद्य कार्यक्रमबाट एकजना कर्मचारी खटाउने सम्बन्धमा उक्त क्षेत्र हेर्नुहुने माननीय सदस्यज्यूबाट आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने ।